महाबु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
गैंडाबाज दैलेख

कर्णाली प्रदेश, नेपाल

**पत्र संख्या** :- ०७९।०८०(प्रशासन शाखा)

**चलानी नम्बर** :-

सुचना नं. ०२/०७९/८०

दोश्रो पटक प्रकाशित मिति २०७९।०५।३०

ढुङ्गा, गिट्टि,बालुवाको कर असुली सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सुचना

यस महाबु गाउँपालिकाको कार्यालय दैलेखको आर्थिक वर्ष २०७९/०८० को लागि भैरवी गाउँपालिका गाउँकार्यपालिकाद्वारा स्वीकृत भएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तथा निम्न बमोजिम उल्लिखित शर्तहरुको अधिनमा रही ढुङ्गा, गिट्टी, बालुवा संकलानको लागी कर असुली सम्बन्धी सिलबन्दी दरभाउपत्र प्रक्रियाद्वारा बिक्रि वितरण गर्नुपर्ने भएकाले इच्छुक फर्महरुले दोश्रो पटक सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र सिलबन्दी दरभाउपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

१.इच्छुक फर्म वा कम्पनीले आफै वा आफ्नो अधिकार प्राप्त प्रतिनिधि मार्फत तोकिएको समय भित्र अध्यावधिक नविकरण गरिएको व्यवसाय दर्ताको प्रमाणपत्र, मुल्य अभिवृद्धि करमा दर्ताको प्रमाणपत्र वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्र, आ. व. २०७७/०७८ सम्मको कर चुक्ता गरेको प्रमाणपत्र (ब्यक्तिको हकमा लागु नहुने) तपशिलमा उल्लेखित सिलबन्दी दरभाउपत्र दस्तुर निवेदन साथ पेश गरेपछि यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।

२.उल्लिखित सिलवन्दी दरभाउपत्रको कर दस्तुर दररेट र शर्तहरु सिलबन्दी दरभाउपत्र फारममा संलग्न गरिनेछ । सिलवन्दी दरभाउपत्र फारम खरिद दस्तुर रु १,०००/-(अक्षरेपी : एक हजार मात्र) नेपाल क्रेडट एण्ड कमर्शियल बैंक महाबु शाखामा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता नं. १५२०००००२५९०१ मा जम्मा गरेको बैंक भौचर वा कार्यालयमा नगद बुझाएको आम्दानी रसिद लिई आएमा कार्यालयबाट दरभाउपत्र खरिद गर्न सकिनेछ ।

३.आफुले चाहेको दरभाउपत्र र कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट बुझिने गरी उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ। सिलबन्दी दरभाउपत्र फारम साथ जमानत वापतको रकम यस गाउँपालिकाको नाममा नेपाल क्रेडिट एण्ड कमर्शियल बैंक महाबु शाखामा रहेको धरौटी खाता नं.१५२००००००४०१ मा दाखिला गरेको सक्कलै भौचर वा कार्यालयको नाममा जारी भएको कम्तिमा ७५ दिन म्याद भएको बैंक ग्यारेन्टी विड वण्ड समावेश गर्नुपर्नेछ ।

४.यस कार्यालयको छाप एवम् कार्यालय प्रमुख वा निजको जिम्मेवारी बहन गर्ने व्यक्तिको सहि छाप नभएको सिलबन्दी दरभाउपत्र तथा म्याद नाघि वा रित नपुगी प्राप्त भएको सिलबन्दी दरभाउपत्र माथि कुनै कारबाही हुने छैन। प्राप्त सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ ।

५.प्रथम पटक सूचना प्रकाशित भएको मितिले ८ औं दिनको १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गर्न सकिनेछ ।दर्ता भएका सिलबन्दी दरभाउपत्र सोहि दिनको २:०० बजे कार्यालयमा खोलिनेछ साथै खोल्ने समयमा दरभाउपत्रदाता स्वंयम वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

प्रमुख प्रशासकीय अधिकृत

५।३०

CamScanner

महाबु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
गैडाबाज दैलेख
कर्णाली प्रदेश, नेपाल

महाबु गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

पत्र संख्या :- ०७९।०८०(प्रशासन शाखा)

चलानी नम्बर :-

६.सिलबन्दी दरभाउपत्र सम्बन्धी अन्य शर्तहरु दरभाउपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ । अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित कानुन बमोजिम हुनेछ ।

७. सिलबन्दी दरभाउपत्र सम्बन्धी थप जानकारीको लागि कार्यालयको वेवसाइटः www.mahabumun.gov.np तथा यस कार्यालयको सुचना पाटी मार्फत लिन सकिनेछ ।

तपशिल

| सि.नं. | ठेक्का नं. | शिर्षक | ठेक्का रकम (न्युनतम अंक) | ठेक्का फारम दस्तुर रु. | जमानत रकम |
|---|---|---|---|---|---|
| १. | MRM/SQ/०१/०७९/०८० | महाबु तथा भैरवी गाउँपाललिका क्षेत्र भित्र पर्ने छामघाट खोलाको ढुङ्गा, गिट्टि तथा वालुवाको उत्खनन् सम्बन्धी कार्य | १५,५०,०००/- | १,०००/- | कबोल अंकको ५ प्रतिशत |

खगेन्द्र कुमार व.सी.

नि.प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत